आधारभूत तह (कक्षा-८) परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च मापदण्ड-२०८२

कार्यपालिकाबाट स्वीकृत मिति -२०८२-०८-२८

सिद्धलेक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

प्रमाणित गर्नेः

परशुराम खतिवडा

गाउँपालिका अध्यक्ष

आधारभूत तह (कक्षा-८) परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च मापदण्ड-२०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२-०८-२८

आधारभूत तह कक्षा आठको परिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी खर्चलाई पारदर्शी र नियमित बनाउन यस सिद्धलेक गाउँपालिकाको सालबसाली आर्थिक ऐन अनुसार खर्चलाई मितव्ययी र पारदर्शी बनाउन सिद्धलेक गाउँकार्यपालिकाले यो मापदण्ड तयार गरेको छ।

परिच्छेद एक

संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम आधारभूत तह (कक्षा-८) परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च मापदण्ड-२०८२ रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

१) **"परीक्षा समिति"** भन्नाले कक्षा आठको परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने समिति सम्झनुपर्छ।

२) **"केन्द्रध्यक्ष"** भन्नाले केन्द्र कक्षा आठको परीक्षाको केन्द्र रहेको परीक्षा समितिले तोकेको प्र वा शिक्षक सम्झनुपर्छ।

३) **सहायक केन्द्राध्यक्ष** भन्नाले परीक्षा समितिले तोके बमोजिमको सहयोग केन्द्र देशी सम्झनुपर्छ।

४) **कक्षा निरीक्षक** भन्नाले परीक्षाको समयमा परीक्षा हलमा रही निरीक्षण गर्ने व्यक्ति सम्झनुपर्छ।

५) **सहयोगी** भन्नाले परीक्षा केन्द्रको सहयोगी कर्मचारी सम्झनुपर्छ।

६) **कम्प्युटर अपरेटर** भन्नाले परीक्षा केन्द्रमा कम्प्युटरसँग सम्बन्धित काम गर्ने कर्मचारी सम्झनुपर्छ।

परशुराम खतिवडा
गा.पा. अध्यक्ष

## परिच्छेद दुई

### परीक्षा सञ्चालनसँग सम्बन्धित खर्चको मापदण्ड

३. **परीक्षा सञ्चालनसँग सम्बन्धित खर्चको मापदण्डः** (१) परीक्षा सञ्चालनसँग सम्बन्धित खर्च अनुसूचि-१ को मापदण्ड अनुसार परिक्षा समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम लाग्ने खर्चमा नबढ्ने गरी प्रश्ननिर्माणको लागि कार्यशाला सञ्चालन गर्न सकिनेछ।

(३) प्रश्न पत्र कम्तिमा प्रत्येक विषयको तीन सेट निर्माण गर्न सकिने छ।

(४) परिक्षा व्यवस्थापनको काममा खटिने कर्मचारीले नियमानुसार दैनिक भ्रमण पाउने भए सो रकम पाउनेछ।

(५) परिक्षाको लागि आवश्यक कपि, कलम, झोला लगायतको मसलन्द परिक्षा समितिले नियमानुसार खरिद गर्नुपर्नेछ। वा परिक्षा केन्द्रको लागि आवश्यक कपि, कलम, मार्कर, झोला, स्टिच लगायतमा लाग्ने खर्च हिसाव गरी परिक्षा केन्द्रलाई खर्च गर्ने गरी समितिले उपलब्ध गराउन सक्नेछ।

(६) नर्म्स अनुसारको रकम नियमानुसार कर कट्टा गरी भुक्तानी गर्नुपर्नेछ।

(७) परिक्षाको कार्यमा संलग्न कर्मचारी, समितिका सदस्य, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरिक्षक, अनुगमनकर्ता, पर्यविक्षक, सहयोगि कर्मचारी लगायतलाई प्रति दिन कार्य गरेको हिसावले बढीमा ३०० को दरले खाजा खर्च उपलब्ध गराइनेछ।

(८) परिक्षा समितिले बढीमा ६ ओटा बैठकमा कार्य सम्पन्न गर्नुपर्नेछ। परिक्षा समितिमा कक्षा आठ सञ्चालित सबै विद्यालयको प्र.अ. आमन्त्रित रहेमा समितिको सदस्य सरह सेवा प्राप्त गर्नेछ।

(९) अन्य खर्च परिक्षा समितिले नियमानुसार र बजेटको परिधिभित्र रहि गर्नुपर्नेछ।

४. **विविधः** (१) यसमा उल्लेख नभएका अन्य व्यवस्था परिक्षा समितको निर्णय बमोजिम हुनेछ।

परशुराम खतिवडा
गा.पा. अध्यक्ष

परशुराम खतिवडा
गा.पा अध्यक्ष

(२) गाउँ कार्यपालिकाले यो मापदण्ड आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

५. **बाधा अड्काउ फुकाउः** यो मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा यो मापदण्डमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

## अनुसूची - १

### दफा ३ सँग सम्बन्धित

| क.सं | विवरण | इकाई | प्रति इकाई रकम(रू) | कैफियत |
|---|---|---|---|---|
| १ | परिक्षा समिति बैठक | सङ्ख्या | १००० | |
| २ | परिक्षा अनुगमन भत्ता | दिन | १००० | |
| ३ | प्रश्न टाइप | पेज | ५० | |
| ४ | ग्रेड सिट तयारी | जना | ५० | |
| ५ | केन्द्राध्यक्ष भत्ता | दिन | ७०० | |
| ६ | सहायक केन्द्राध्यक्ष भत्ता | दिन | ५०० | |
| ७ | कपि परिक्षण पारिश्रमिक | ५० पुर्णाङ्क प्रति उत्तरपुस्तिका | ३० | |
| ८ | कपि परिक्षण पारिश्रमिक | ७५ पुर्णाङ्क उत्तरपुस्तिका | ४० | |
| ९ | कपि परिक्षण पारिश्रमिक | १०० पुर्णाङ्क उत्तरपुस्तिका | ५० | |
| १० | कक्षा निरिक्षक पारिश्रमिक | दिन | ४०० | |
| ११ | सहयोगि | दिन | २०० | |
| १२ | कम्प्युटर अपरेटर | दिन | ४०० | |
| १३ | प्रश्न पत्र निर्माण | ५० पुर्णाङ्क | ६०० | |
| १४ | प्रश्न पत्र निर्माण | ७५ पुर्णाङ्क | ८०० | |
| १५ | प्रश्न पत्र निर्माण | १०० पुर्णाङ्क | १००० | |
| १६ | EMIS मा प्रयोगात्मक र सैद्धान्तिक अङ्क प्रविष्टि | प्रति विद्यार्थी | २० | |
| १७ | पालिकामा उत्तर पुस्तिका सङ्कलन | प्रति दिन | ४०० | |
| १८ | खाजा खर्च | प्रति दिन | २०० | |
| १९ | कोडिङ डिकोडिङ | प्रति उत्तरपुस्तिका | ५ | |

परशुराम खतिवडा
गा.पा. अध्यक्ष